५। सेनेटरी प्याड प्रयोग अनुगमन सम्बन्धमा ।
६। विविध सम्वन्धमा ।

निर्णयहरू :

प्रस्ताव नं १ माथि छलफल गर्दा दुरदृष्टि, लक्ष्य, निति तथा कार्यक्रम तपशिल अनुसार गर्ने निर्णय गरियो ।

तपशिल :

आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा र दक्ष जनशक्ति

**१.३ दूरदृष्टि**

घ्याङलेखको इच्छा, विद्यालयमा सवैको पहुच, सभ्य, समावेशी र गुणस्तरयुक्त शिक्षा

**१.४ लक्ष्य तथा ध्येय**

शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुर्याउने, सुसंस्कृत, सभ्य, अनुशासित, श्रमप्रति आस्थावान, राष्ट्रिय भावना र प्रविधियुक्त, परिवर्तनलाई आत्मसाथ गर्न सक्ने जनशक्ति उत्पादनमा जोड दिने।

**१.५ नीति :**

शिक्षा तर्फ

१। "घ्याङलेखको छहारी ! शिक्षित छोरी, बुहारी !!" को कार्यक्रमलाई निरन्तरता दिई माध्यमिक शिक्षा (कक्षा १२) उत्तीर्ण गरी स्नातक तथा स्नाकोत्तर तह अध्ययनरत पालिका भित्रका छोरी बुहारीलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने गर्ने कार्यक्रमको थालनी गरिनेछ।

२। सामुदायिक विद्यालय कार्यरत गाउँपालिका अनुदानमा कार्यरत शिक्षक,सामुदायिक सिकाई केन्द्रमा कार्यरत स्व.मूल्याङकन प्राप्ताङ्क ५०% माथि भएका परिचालिका तथा कर्मचारीहरुलाई तलव तथा पोषाक तर्फ थप प्रोत्साहन गरिदै लागिनेछ ।

३। सामुदायिक विद्यालयहरुलाई भौतिक पूर्वाधार बढाउदै बैकल्पिक शिक्षाको पूर्वाधारको विकासमा सहयोग गरिनेछ ।

४। प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरिनेछ ।

५। गाउँपालिका क्षेत्रमा **E-Library** को स्थापना सहयोग गरिनेछ ।

६। सामुदायिक विद्यालयमा शिक्षक बिद्यार्थी अनुपात आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

७। शिक्षा ऐन, नियम र योजनाको तर्जुमा तथा परिमार्जन गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिनेछ ।

८। किशोर -किशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन शूल्क नियमन कार्यक्रम संचालन गरिनेछ ।

९। माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला र सूचना तथा प्रविधि मैत्री बनाउदै आधारभूत विद्यालयमा क्रमश विस्तार गरिनेछ ।

१०। एकीकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।

११। विद्यार्थी संख्या र भौगोलिक दुरी समेत अध्ययन गरी कम, विद्यार्थी, बढि आर्थिक बोझ भएका श्री आधारभूत विद्यालय छरछरे जस्ता विद्यालयहरुलाई गाभ्ने (Merge) कार्यलाई प्राथमिकता दिईने छ ।

१२। स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनलाई अगाडी बढाइने छ साथै कक्षा (६-८) को पाठ्यक्रम निर्माण कार्यदल निर्माण गरी यहि वर्ष कार्यन्वयन तथा संगसंगै परीक्षण गरिनेछ ।

१३। आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन र प्रमाणिकरणलाई स्तरीय बनाइने छ ।

१४। विद्यालय बाहिर रहेका कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन कार्यक्रम संचालन गरिनेछ ।

१५। पालिका भित्र नमूना विद्यालय सुधार कार्यविधि बनाई लागु गरिनेछ ।

१६। प्रारम्भिक वाल विकास कक्षा पुर्ण रुपमा वालमैत्री वनाउदै लगिनेछ ।

१७। घ्याङलेख गाउँपालि प्रवाह गर्ने शैक्षिक सेवा र विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासन कायम गर्दै लगिनेछ ।

१८। आधारभूत तहसम्म निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षालाई सूचना प्रविधितर्फ रुपान्तरण गरी वार्षिक निश्चित अनुपातमा सूचना तथा प्रविधिको सामाग्री वितरणमा जोड दिई प्रविधियुक्त विद्यालय वनाउदै लगिनेछ ।

१९। घ्याङलेख गाउँपालिका अन्त्रगतको शैक्षिक संस्थाहरुमार्फत स्थानीय पाठ्यक्रम मार्फत स्थानीय परिवेशका मौलिक ज्ञानको साथ साथै जीवनोपयोगी सीप सहितको गुणस्तरीय शिक्षा प्रदान गराउदै लगिनेछ ।

२०। घ्याङलेख गाउँपालिका अन्त्रगतका सबै सकृय नागरिकहरुमा आधारभूत साक्षरता सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइको अवसर प्रदान वनाउदै लगिनेछ ।

२१। एक क्याम्पस र १ प्राविधिक तथा व्यावसायिक शिक्षालयको समुचित व्यवस्थापन गरी सीपयुक्त जनशक्ति उत्पादनमा जोड वनाउदै लगिनेछ ।

२२। शिक्षक तथा विद्यार्थीको विद्यामान शैक्षणिक रणनीतिमा सूचना प्रविधि तर्फ उन्मुख गर्ने गराउने कार्यमा विशेष ध्यान दिने र भुगोलसंग मेल खाने शिक्षाको वैकल्पिक उपायका लागि तयारी गराउदै लगिनेछ ।

२३। सामुदायिक सिकाई केन्द्रलाई परिचालन गरी गाउँ लगत संकलन र सोही अनुरुप वजेट र कार्यक्रम व्यवस्थापन गर्दै लगिनेछ।

२४। शिक्षक विद्यार्थी अनुपात मिलान गर्न तिनै तहको सरकारी अनुदान वितरण प्रणाली न्योचित गर्दै लगिनेछ ।

२५। आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु विद्यालय स्तरीय विपत्त प्रतिकार्य योजना निर्माणमा सस्थागत विकास गरिनेछ ।

२६। विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै लगिनेछ ।

२७। सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच उन्मुख सचेत नागरिक तयार गर्दै लगिनेछ ।

२८।CB-EGRA साधन तयार प्रयोग तथा नतिजा प्रकाशन गरी तुलनात्मक अध्ययन गरिनेछ ।

२९। प्रधानध्यापकको कार्यगत मनोवृत्तिलाई उच्च राख्न नियमित प्र.अ.वैठक थप प्रोत्साहन प्रदान गरिनेछ ।

३०। स्थायी सेवा भएका तर सेवाबाट स्वेच्छिक अलग हुन चाहने शिक्षकका लागि स्वेच्छिक ( छलफल) अवकास भएमा त्यसका लागि विषेश अनुदानको प्याकेज तयार गरिनेछ ।

खेलकुद तर्फ :

१। गाउँ खेलकुद विकास समिति गठन प्रक्रिया अगाडी वडाईनेछ ।

२। गाउँपालिका स्तरीय खेल मैदान तयार गरिनेछ ।

३। विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ ।

प्रस्ताव नं २ माथि छलफल गर्दा लगबुक तथा GPE को कार्यक्रम अनुगमन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा पा.पु. उपलब्धता पर्याप्त नभएको अवस्थामा वैकल्पिक व्यवस्था गर्न अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा वडा शिक्षा समितिलाई तपशिल अनुसारको काम तोक्ने निर्णय गरियो ।

१. वडास्तरीय परीक्षा संचालन गर्ने ।

२. कम्तिमा २ महिनामा १ पटक आफ्नो वडा भित्रको विद्यालय अनुगमन गर्ने ।

३. वडा स्तरीय शैक्षिक अवस्था बारे परीक्षा अभिमुखिकरण गर्ने ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा सेनेटरी प्याडको प्रयोग व्यापक गराउन निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं ६ विविध माथि छलफल गर्दा आज बैठक सौहादपूर्ण वतावरणमा सम्पणं भयौ ।

आज मिति २०७९ साल जेष्ठ २६ गते विहीवारको दिन यस घ्याङलेख गाउँपालिका अन्तर्गतका शिक्षा समितिका अध्यक्ष श्री जगत वहादुर भोलन ज्यूको अध्यक्षतामा वैठक वसी तपशिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री जगत वहादुर भोलन | अध्यक्ष |
| श्री शंकरमान घलान | सदस्य |
| श्री सोम बहादुर भोलन | सदस्य |
| श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य |
| श्री रमा कुमारी त्याङ्मी | सदस्य |
| श्री धुर्व कुमार घलान | सदस्य 9880537050 |
| श्री सुमित्रा थापा | सदस्य 9860177237, 96149160 |
| श्री अविनास वाईवा | सदस्य |
| श्री वीर वहादुर थिङ | सदस्य |
| श्री मोतिलाल थिङ | सदस्य |
| श्री सुरेन्द्र कुमार स्याङतान | सदस्य सचिव |

अमान्त्रित :

| | |
|---|---|
| १। दांवाङ दोर्जे थोकर | प्र.अ. |
| २। सावित्री कुमारी दाहाल 9860769368 | शिक्षिका |
| ३। कृष्ण बहादुर सुनुवार (→ 9860802503) | शिक्षक |
| ४। अमित कुमार साह | प्रा.स. |

प्रस्तावहरू :

१। शिक्षा लक्ष्य,नीति,तथा कार्यक्रम तर्जुमा सम्वन्धमा ।

२। लगवुक तथा GPE को कार्यक्रम अनुगमन सम्वन्धमा ।

३। पा.पु. वितरण सम्वन्धमा ।

४। वडा शिक्षा समितिलाई काम तोक्ने सम्वन्धमा ।